
# वार्षिक स्थिति प्रतिवेदन

## आर्थिक वर्ष २०७९/०८०




गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# मातृशिशु मितेरी अस्पताल

कास्की जिल्ला

# वार्षिक स्थिति प्रतिवेदन

## आर्थिक वर्ष २०७९/०८०

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## मातृशिशु मितेरी अस्पताल, कास्की

कास्की जिल्ला

# Hospital Major Indicators

| S.N | Indicators | 073/074 | 074/075 | 075/076 | 076/077 | 077/078 | 078/079 | 079/080 |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Total Delivery | 168 | 412 | 588 | 574 | 709 | 527 | 716 |
| 2 | LSCS Delivery | 41 | 95 | 128 | 134 | 236 | 115 | 177 |
| 3 | Vaccume Delivery | 12 | 17 | 24 | 12 | 5 | 4 | 6 |
| 4 | Normal Delivery | 115 | 300 | 436 | 428 | 468 | 408 | 533 |
| 5 | Total OPD Services | 8234 | 11866 | 18493 | 21142 | 22666 | 35756 | 46915 |
| 6 | Hospital LSCS rate | 24.40 | 23 | 21.76 | 21.76 | 33.28 | 21.82 | 24.72 |
| 7 | Hospital beds occupancy rate | 21 | 36 | 51 | 32 | 27 | 37 | 33.42 |
| 8 | Average length of stay in hospital | 2 days | 2.05 | 2.25 | 2.10 | 2.1 | 2.6 | 2.39 |
| 9 | Total laboratory test | 23123 | 46308 | 59365 | 86133 | 91990 | 138276 | 155391 |
| 10 | Average number of laboratory test per day | 73 | 127 | 190 | 218 | 224.5 | 335 | 425 |
| 11 | Average number of radiographic image per day | 3.8 | 9.3 | 13.3 | 13.5 | 17.4 | 30.1 | 34 |
| 12 | Total USG service | 1043 | 2685 | 3844 | 3888 | 5639 | 7119 | 7371 |
| 13 | Average number of USG per day | 2.9 | 7.3 | 10.5 | 10.7 | 15.4 | 19.2 | 20 |
| 14 | % of Emergency services among total OPD | 21 | 22 | 19 | 18 | 10.75 | 9.43 | 6.55 |
| 15 | Hospital maternal death | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 16 | Througput | 40 | 69 | 90 | 60 | 45 | 54 | 50.16 |
| 17 | Inpatient sex ratio | 1:3.59 | 1:6.86 | 1:11.39 | 1:7.2 | 1:5.53 | 1:2.65 | 1:4.26 |
| 18 | OPD patient sex ratio | 1:1.21 | 1:1.55 | 1:1.77 | 1:1.76 | 1:1.93 | 1:1.58 | 1:1.59 |
| 19 | Percentage of popn utilizing OPD service* | 33 | 45 | 71 | 81 | 84 | 100 | 100 |
| 20 | Doctor OPD patient ratio | 845 | 966 | 1579 | 1504 | 1273.4 | 3576 | 4691 |
| 21 | Doctor inpatient ratio | 52 | 71 | 91 | 82 | 107.9 | 130 | 250 |
| 22 | Nurse Inpatient ratio | 26 | 45.5 | 58 | 41 | 53.95 | 65 | 83.6 |

Source on ward 16 population 24465 population Census 2078

गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल



## शुभकामना सन्देश

गण्डकी प्रदेशका नागरिकहरुलाई गुणस्तरीय स्वस्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश प्रतिवद्ध छ । राज्यबाट गुणस्तरीय स्वास्थ्य सेवा पाउनु सबै नागरिकको मौलिक हक समेत हो । गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १६ मा अवस्थित मातृशिशु मितेरी अस्पताल, कास्की हाल २५ बेडमा सञ्चालन भइरहेको र ५४ शैचयाको संघीयतामा आई/रही स्तरोन्नतीको क्रममा रहेको छ । अस्पतालले सुरक्षित प्रसुती सेवा, स्त्रीरोग र बालरोग सम्बन्धी विशेषज्ञ सेवाको अतिरिक्त अन्य विभिन्न रोगका विरामीहरुलाई पनि सेवा प्रदान गर्नुका साथै परिवार नियोजन सेवा, ल्याब सेवा, एक्स-रे सेवा, भिडियो एक्स-रे सेवा, फार्मेसी सेवा र चौबिसै घण्टा आकस्मिक सेवा सञ्चालन हुदैं आएको छ । नेपाल सरकारले सञ्चालन गरेको स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत पनि यस अस्पताल सूचिकृत भई स्वास्थ्य विमाका सेवाग्राहीहरु सेवा प्रदान गरेको छ । अत: अस्पतालले प्रदेशमा सुरक्षित प्रसुती सेवा, स्त्रीरोग र बालरोग सम्बन्धी विशेषज्ञ सेवा प्रदान गर्नुका साथै मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउनका उल्लेखनीय भूमिका निर्वाह गरेकोमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, मातृशिशु मितेरी अस्पताल, कास्कीले स्थापनाकालदेखि नै स्वास्थ्य क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । भविष्यमा पनि यस प्रदेशका नागरिकहरुको लागि गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यमा सफलताको कामना गर्दै अस्पताल व्यवस्थापन समिति, मेडिकल सुपरिटेण्डेन्ट लगायत सम्पूर्ण अस्पताल परिवारलाई सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

मिति :२०८० असोज ।

डा. विनोद विन्दु शर्मा
सचिव

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोन : ०६१-५२०३९०, ५२००६८
टोल फ्री नं. : १०९२

पत्र संख्या : २०८०/८१
चलानी नं.

मिति : २०८०/०६/०८



## शुभकामना

मातृशिशु मितेरी अस्पताल, बाटुलेचौर कास्कीले आ.ब.०७९/०८० को वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको मा धेरै खुशी लागेको छ । अस्पतालवाट प्रदान गरिने सेवा तथा गुणस्तरमा बृद्धी गर्न तथा अस्पतालको समग्र तथ्यांकहरुको प्रतुतिकरण तथा विश्लेषणमा यसले महत्वपूर्ण प्रभाव पार्ने छ ।

यसमा उल्लेख गरिएका तथ्यांकहरुबाट अस्पतालका कार्यक्रमहरु तथा सेवाको स्थितिका बारेमा जानकारी हुनुका साथै स्वास्थ्य क्षेत्रका समग्र विषयहरुको अध्ययन तथा अनुसन्धानमा समेत यस प्रतिवेदनले सम्वन्धित सबैका लागि उपयोगी हुने विस्वास लिएको छु ।

यो पुस्तक तयार गरी प्रकाशन गर्ने मातृशिशु मितेरी अस्पताल र उक्त कार्यमा संलग्न सवैलाइ हार्दिक धन्यवाद तथा बधाई ज्ञापन गर्दै आगामी दिनमा समेत यस कार्यको निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु ।

.............................
खिम बहादुर खड्का
निर्देशक
स्वास्थ्य निर्देशनालय



# अस्पताल व्यवस्थापन समितिका अध्यक्षको सन्देश

मिति २०७२ साल आश्विन २२ गतेको मन्त्रीस्तरीय निर्णय बमोजिम बाटुलेचौर स्वास्थ्यचौकीको स्तरोन्नती र मातृशिशु मितेरी अस्पताल (पोखरा-कोमागाने) लाई समायोजन गरी २५ शय्याको जिल्ला स्तरको सरकारी अस्पतालको तत्कालीन सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यतामा २०७३ साल असोज १२ गते समुदघाटन भई सञ्चालनमा आएको छ। स्थापना कालदेखि नै विभिन्न आरोह अवरोह पार गर्दै आएको यस अस्पतालको मुख्य उद्देश्य भनेको गर्भवति र सुत्केरी महिला तथा बाललालिकालाई विशेषज्ञ चिकित्सकमार्फत गुणस्तरीय सेवा प्रदान गरी दिगो सञ्चालन तथा स्वास्थ्य सेवा प्रवर्धन गर्दै मातृशिशु मृत्युदरमा कमी ल्याउनु रहेको छ।

आ.व ०७९/०८० मा अस्पतालबाट कास्की कारागारको बन्दीहरू, वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकहरू, बालबालिका, आमा र शिशु स्वास्थ्य शिविर विभिन्न स्थानमा सञ्चालन भएका छन्। त्यसका साथै अस्पतालबाट प्रदान गरिने सेवाहरू समेत विस्तार गरिएको छ। हाल भईरहेका सेवाहरूलाई आवश्यकता अनुसार परिमार्जन गर्दै थप विशेषज्ञ सहितको सेवा जस्तो दन्तरोग सेवा, हाडजोर्नी तथा नशारोग सेवा, जनरल फिजिसियन सेवा, निर्माण सम्पन्न भएको नया भवनमा व्यवस्थित र गुणस्तरिय प्रयोगशलाको व्यवस्थापन गरी सेवा प्रदान गरेका छौं। चालु आ.व.मा पनि विविध कार्यहरू गर्ने गरी योजनाहरू तर्जुमा गरी अगाडि बढिरहेका छौं। यस स्वास्थ्य संस्थाको व्यवस्थापकिय पक्षलाई चुस्त दुरूस्त, पारदर्शी, सवल र सहज बनाउदै लैजान नितान्त आवश्यक देखिन्छ र सो को लागि हामी कटिबद्ध भएर लागिरहेका छौं। आवश्यकता परिपूर्ति गर्न यस मातृशिशु मितेरी अस्पताललाई आगामी दिनमा नागरिक समाज, संघ संस्था, विभिन्न स्थानीय बुद्धिजीवी, सेवाग्राही र सरोकारवाला सरकारी निकायहरूसँग समन्वय गरी थप व्यवस्थित गरी सेवा प्रवाहलाई चुस्तदुरूस्त राख्न हरेक प्रयास गरिनेछ।

अस्पतालबाट गुणस्तरिय सेवा प्रदान गर्दै आएकोले दिन प्रतिदिन सेवाग्राहीहरूको सङ्ख्यामा समेत वृद्धि भएको यस प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्याङकले पुष्टि गरेको छ। विगतदेखि सञ्चालनरत विविध कार्यक्रम तथा सेवा निरन्तर चलि नै रहेका छन।

वार्षिक प्रतिवेदन भनेको अस्पतालको ऐना हो। जसलाई हेर्‍यो भने अस्पतालको चित्र देखिन्छ। यस परिस्थितिमा पनि हामी एकसाथ भएर अस्पताललाई यो अवस्थामा ल्याउन सघाउने व्यवस्थापन समितिका सदस्यज्यूहरू, मेडिकल सुपरिटेण्डेण्ट, प्रतिवेदन तयार पार्ने समूह, अस्पतालका चिकित्सक, नर्सिङ्ग तथा सम्पूर्ण स्वास्थ्यकर्मीहरू सबैलाई हार्दिक धन्यवाद !

यो वार्षिक प्रतिवेदनले निरन्तरता पाओस। यसलाई तयार पार्ने संयोजनको पूर्ण भूमिका निर्वाह गर्नुहुने अस्पतालमा कार्यरत वरिष्ठ मेडिकल रेकर्डर निरीक्षक अधिकृत सातौं लक्ष्मण शर्मा पौडेलज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु।

..............................

धर्मराज थापा
अध्यक्ष
अस्पताल व्यवस्थापन समिति



## अस्पताल प्रमुखको सन्देश

मातृशिशु मितेरी अस्पतालको आ.व ०७९/०८० को वार्षिक प्रतिवेदन सम्प्रेषण गर्न पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरेको छु । गण्डकी प्रदेश सरकारको एक महत्त्वपूर्ण क्षेत्रको रूपमा रहेको स्वास्थ्य सेवा सुधार र स्तरोन्नतिमा यस अस्पतालको पनि भूमिका र योगदान रहेको कुरा जगजाहेर नै छ । स्वास्थ्य सेवाका सूचकाङ्कहरू सही दिशामा बढिरहेको र गण्डकी प्रदेश सरकार र नेपाल सरकारको लक्ष्यतर्फ लम्किरहेको देख्न पाउँदा खुशीको अनुभव गरेको छु

यो वार्षिक प्रतिवेदनले यस असपतालले गत आर्थिक वर्ष भरिको अवधिमा गरेका महत्त्वपूर्ण क्रियाकलापहरू समेटेको छ यस प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्याङक र सूचकाङ्कहरू HMIS र अन्य स्रोतबाट साभार गरिएको छ । यो प्रतिवेदनले गण्डकी प्रदेश र यस अस्पतालको स्वास्थ्य नीति, योजना, स्वास्थ्य सेवाको पहुँच र उपलब्धिका बारेमा पनि प्रकाश पारेको छ । यस अस्पतालको प्रगतिको लागि विभिन्न दृष्टिकोणले सहयोग पुऱ्याउनु हुने नेपाल सरकारका विभिन्न निकाय, गण्डकी प्रदेश सरकारका विभिन्न निकाय, अस्पताल, व्यवस्थापन समिति पदाधिकारीहरू, विभिन्न संघ संस्थाहरूप्रति सहयोगको उच्च मूल्याङ्कन गर्दै हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा यो वार्षिक प्रतिवेदन तयार गर्नका लागि प्रमुख भूमिका खेल्नुहुने वरिष्ठ मेडिकल रेकर्डर निरीक्षक श्री लक्ष्मण शर्मा पौडेल, साथै प्रसुति तथा स्त्री रोग शाखा, प्रशासन शाखा, स्वास्थ्य वीमा शाखा, आकस्मिक शाखा, प्रयोगशाला शाखा, फार्मेसी शाखा, SNCU शाखा लगायत चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीहरूमा हार्दिक आभार प्रकट गर्दछु ।

..............................

**डा. धर्मदेव ढकाल**
**मेडिकल सुपरिटेण्डेण्ट**

# कार्यकारी सारांश (Executive Summary)

गण्डकी प्रदेश अन्तर्गतको एक मात्र यो मातृशिशु मितेरी अस्पताल आमा र शिशुको सामान्य तथा जोखिमपुर्ण स्बास्थ्यको तत्काल उपचार ब्यबस्थापन गरि जोखिमको अबस्थाबाट बचाउने मुख्य उद्धेश्य हासिल गर्न अगाडि बढिरहेको छ । आमा सुरक्षा कार्यक्रम CEONC प्रभावकारी ढङ्गले यस अस्पतालमा चलिरहेको छ । यसको लागि चौबिसै घण्टा नियमित तथा आकस्मिक सुत्केरी सेवा, नवजात शिशुको विशेष उपचार सेवा, प्रयोगशाला सेवा र चौबिसै घण्टा अस्पतालको आफनै फार्मेसी सेवा उपलब्ध छ । उपचारबाट अधिकास सेवाग्राहीहरु सन्तुष्टी भएको अबस्था छ ।

गत श्रावण १८ गते कान्तीपुर मिडियाले अस्पतालका सेवाग्राहीहरुसँग हजुरहरुले अस्पतालबाट सेवा लिइरहदा के कस्तो अनुभुति भैरहेको छ भन्ने सन्दर्भमा सेवा प्रति सन्तुष्टी पाएको छौ भन्ने भनाइहरुले पनि अस्पतालको सेवा प्रतिको धारणा अत्यन्त सकारात्मक रहेको प्रष्ट हुन्छ । त्यसैले त स्थानिय मात्र नभई कास्की जिल्ला बाहिरका सेवाग्राहीहरु यस अस्पतालमा सेवा लिन आएको अबस्था छ ।

गण्डकी प्रदेश सरकार अन्तर्गतको आमा र शिशुको एकमात्र यो अस्पतालको कमिक बिकाश भैरहेको छ । यो अस्पताल २०७३।०६।१२ मा उदघाटित भई सन्चालन आएको हो । आ.ब. २०७३।०७४मा कुल डेलिभरी सेवा १६८ मात्र भैरहँदा आ.ब. ०७४/०७५ मा ४१२, आ.ब. ०७५।०७६ मा ५८८, आ.ब. ०७६।०७७ मा ५७४ , आ.ब. ०७७।०७८ मा ७०९, आ.ब.०७८।०७९ मा ५२७ र आ.ब. २०७९।०८० मा सबैभन्दा अधिक ७१६ जना सुत्केरी सेवालिएको अबस्था छ । आ.ब. २०७९।०८० मा कुल ७१६ सुत्केरी सेवा मध्ये २५५ जना सुत्केरी कास्की बाहिरका अन्य जिल्लाहरुबाट आई सेवा लिएको देखिन्छ ।

यो अस्पताल आमा र शिशुको विशेष अस्पताल भएरपनि यस अस्पतालमा सामान्य चिकित्सा, हाडजोर्नी तथा नशा रोगको विशेषज्ञ सेबा, स्त्रीरोगको विशेषज्ञ सेवा, बालरोगको विशेषज्ञ सेवा, दन्त विशेषज्ञ सेवा रेडियोलोजि विशेषज्ञ सेवा र एनस्थेसियोलजी विशेषज्ञ सेवा सन्चालन भइरहेको छ ।

स्बास्थ्य बिमा सेवा आ.ब. २०७३।०७४ देखि नियमित छ । आ.ब. २०७३।०७४ मा स्वास्थ्य बिमा सेवा लिएका सेवाग्राही संख्या ९२६ मात्र भएकोमा आ.ब. ०७४।०७५ मा ३०९९, आ.ब. ०७५।०७६ मा ७५०३, आ.ब. २०७६।०७७ मा १०८२६, आ.ब. २०७७।०७८ मा १०९५२, आ.ब. २०७८।०७९मा २३४७४, आ.ब.२०७९।०८० मा आईपुग्दा ३१६९६ पुगेको छ ।

यसैगरि प्रयोगशाला सेवा पनि हरेक बर्ष बढिरहेको छ । आ.ब. २०७९।०८० कुलपरिक्षण १५५३९१ पुगेको छ । अस्पतालको ब्यबस्थापनमा ब्यापक सुधार आएको अबस्था छ । अस्पतालको कुशल नेतृत्व, चिकित्सक,ब्यबस्थापन समिति, स्बास्थ्यकर्मी, नर्सिङ लगायत सबै स्टाफहरुको कर्तब्य तथा जिम्मेबारीको अपनत्ब लिएको कारण अस्पतालको सेवा उदाहरणिय रुपमा रहेको छ ।

आगामी दिनहरुमा अस्पताललाई आबश्यक पर्ने जमिनको ब्यबस्थापन हुनसके थप पुर्बाधार ब्यबस्थित हुनेछ । सेवाहरु थप हुनेछन, यसकोलागि अस्पतालका सरोकारपक्ष सबैको एउटै बुझाई र त्यसको लागि उपयुक्त पहलकदमी हुन सक्यो भने यहाका स्थानिय नागरिकहरुलाई जुनकुनै विशेषज्ञ सेवा लिन आफनै घर आगनमा संभव हुनेछ ।

# विषय सूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमी | १ |
| २ | स्थिति विश्लेषणको उद्देश्य | १ |
| ३ | स्थिति प्रतिवेदन निर्माण प्रक्रिया | २ |
| ४ | अस्पताल व्यवस्थापन समिति पदाधिकारीहरू | २ |
| ५ | अस्पतालमा सरकारी जनशक्ति विवरण | २ |
| ६ | अस्पताल व्यवस्थापन समिति अर्न्तगत कार्यरत कर्मचारीहरू | ३ |
| ७ | हालको अस्पतालको सेवा भवन र जमिन | ३ |
| ८ | मुख्य-मुख्य मेसिन तथ उपकरणहरू | ४ |
| ९ | कुल बजेट तथा खर्च विवरण | ४ |
| १० | Hospital Management committee Budget | ५ |
| ११ | Hospital Beds | ५ |
| १२ | Available Hospital Services | ५-६ |
| १३ | अस्पतालका मुख्य विभागहरू | ६ |
| १४ | तथ्याङ्क तथा सूचनाहरूको प्रस्तुति | ६-७ |
| १५ | Yearly trend of total OPD service | ८ |
| १६ | Delivery trend | ८ |
| १७ | Type of Delivery-Yearly trend | ९ |
| १८ | Health Insurance | ९ |
| १९ | Inpatient Discharged | १० |
| २० | Comparative Trend of yearly total lab test | १० |
| २१ | Trend of Laboratory Services | ११ |
| २२ | Delivery Services analysis on caste ethnicity | ११ |
| २३ | Laboratory test FY2079/080 | १२ |
| २४ | Deliveries Services Comparison among following different FY | १२ |
| २५ | Antenatal Care Comparison | १३ |
| २६ | Investigation Services | १३ |
| २७ | Hospital Indicators | १४ |
| २८ | OPD Morbidity FY 079-080 | १५ |
| २९ | Top Ten Inpatient Morbidity & Mortality | १६ |
| ३० | Delivery Classified by Caste/Ethnicity 079-080 | १६ |
| ३१ | विशेष प्राथमिकता साथ सम्पन्न भएका कार्यहरू | १६-१७ |
| ३२ | कार्यालयको प्राथमिकतामा रहेका कार्यहरू/सेवा | १७ |
| ३३ | समग्र कार्यहरूको प्रमुख उपलब्धीहरू | १७ |
| ३४ | समस्या र चुनौतीहरू | १७ |
| ३५ | समस्या र चुनौतीहरू सामना गर्न गरिएका प्रयासहरू | १७ |
| ३६ | आगामी कार्ययोजनाहरू | १८ |
| ३७ | निस्कर्ष | १८ |
| ३८ | अस्पतालका केही तस्विरका झलकहरू | १९-३५ |
| ३९ | नागरिक बडापत्र | ३६-३७ |
| ४०. | सन्दर्भ सामाग्रीहरू | ३८ |

# वार्षिक स्थिति प्रतिवेदन

**(Annual Status Report)**

**२०७९/०८०**

## पृष्ठभूमि

स्वास्थ्य संस्थाको वार्षिक कार्यसम्पादनको अबस्था के कस्तो छ समयमै थाहा पाई लक्षितकार्यक्रमहरुको समयमै मुल्याङकन गनुपर्ने हुन्छ। यसकोलागि वार्षिक प्रतिबेदन एउटा गहना जस्तै हो। यसैकोमाध्यम बाट आगामी सुधारका योजना तर्जुमा गरि लागुगर्न संभव हुन्छ।

आमा र नवजात शिशुको जोखिमपुर्ण स्वास्थ्यको तत्कालै व्यवस्थापन गरी आवश्यक उपचार मार्फत मृत्युहुनबाट बचाउने सरकारको मुख्य प्राथमिकतामा रहेको छ।

यसै सन्दर्भमा पोखराको उत्तरी भेकका गर्भवती, सुत्केरी आमाहरु र नवजातशिशुहरुको जोखिम स्वास्थ्यलाई नागरिक कै पायक पर्ने ठाउँमा व्यवस्थापन गर्न मिति २०७२ साल आश्विन २२ गते मन्त्रीस्तरिय निर्णयबाट यो सरकारी मातृशिशु मितेरी अस्पतालको स्थापना भएको हो।

तात्कालिन बाटुलेचौर स्वास्थ्य चौकीलाई स्तरोन्नति र मातृशिश मितेरी अस्पताल पोखरा- कोमागानेलाई समायोजन गरी २५ शैयाको जिल्ला स्तरको सरकारी पूर्ण मातृशिशु मितेरी अस्पताल स्वीकृत भई प्रसुति तथा स्त्रीरोग र बालरोग विशेषज्ञ सहितको सेवा प्रदान गर्ने धेयका साथ सन्चालनमा आएको छ।

यो अस्पताललाई विधिवत रुपमा तात्कालिन महामहिम राष्ट्रपति बिद्यादेवि भण्डारी ज्युद्धारा मिति २०७३ साल आश्विन १२ गते उद्घाटन गरिएको हो। यो अस्पताल पोखरा महानगरपालिका वडा नं १६ बाटुलेचौरमा पर्दछ।

यो अस्पताल पोखराको मुख्य बजार महेन्द्रपुल देखि करिब ५ किलोमिटर दुरीमा रहेको छ। स्थापनाकाल देखि नै २५ शैया स्वीकृत भई यो अस्पतालमा आकस्मिक तथा नियमति प्रसुति सम्वन्धी अपरेशन सेवा समेत सुचारु छ। हाल यो अस्पतालमा नवजातशिशुको विशेष उपचार सेवा, दन्तरोग, हाडजोर्नी उपचार सेवा, जनरल फिजिसियन सेवा, सामान्य चिकित्सा सेवा र बालरोग उपचार सेवा समेत चालु अवस्थामा रहेको छ।

### स्थिति विश्लेषणको उद्धेश्य

प्रत्येक बर्ष सरकारी स्वास्थ्य संस्थामा सरकारले लगानी गरेको हुन्छ। लगानी गरे अनुरुपको परिणाम पाउन सकियो सकिएन। स्वास्थ्य संस्थाको बास्तविक स्थिति के छ। जनशक्ति, आवश्यक बजेट, मेशिन तथा

उपकरणहरुको व्यवस्थापन भए नभएको थाहा पाई समयमा नै कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ। अतः स्वास्थ्य संस्थाको वास्तविक अवस्था बुझि समस्याहरुको समयमा नै पहिचान गरी त्यसको समाधानको कार्ययोजना बनाई कार्यान्वयन गर्दै अगाडि बढनु नै स्थिति विश्लेषणको उद्देश्य हो ।

### स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

अस्पतालमा रहेका विभिन्न शाखा प्रमुखहरुको सहभागितामा आ.ब. २०७९/०८० मा अस्पतालले गरेको कार्य सम्पादनहरु संकलन, उदाहरणीय राम्रा कामहरुको संकलन , सेवाहरुको तथ्यांक, सेवाहरुको सन्चालन मा आइपरेका कठिनाइहरु समस्या समाधानका उपायहरुको बारेमा व्यापक छलफल गरी यो बार्षिक स्थिति प्रतिवेदन तयार पारिएको छ ।

### अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरु

क. अध्यक्षः- श्री धर्मराज थापा
ख. सदस्यः- श्री गुरुदत्तभट्टराई
ग. ” श्री शिवराज देवकोटा
घ. ” श्री भीमा पौडेल
ङ. ” श्री गुमा परियार
च. ” श्री गणेश अधिकारी
छ. ” श्री नारायण कोईराला (प्रतिनिधि/अध्यक्ष पो.उ.वा.संघ)
ज. ” श्री अमृत शर्मा तिमिल्सिना, अध्यक्ष वडा नं. १६
झ. सदस्य सचिवः मेडिकल सुपरिटेण्डेण्ट डा. श्री धर्मदेव ढकाल

### अस्पतालको सरकारी जनशक्ति बिवरण

| क्र.सं. | स्वीकृत दरबन्दी | संख्या | पदपुर्ति | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेडिकल सुपरिन्टेण्डेन्ट (वरिष्ट प्रसुति तथा स्त्रीरोग विशेषज्ञ) | १ | १ | १ | |
| २ | बालरोग विशेषज्ञ | १ | १ | १ | |
| ३ | कन्सल्टेण्ट MDGP | | | | |
| ४ | मेडिकल अधिकृत | ४ | २ | १ | १ अध्ययन |
| ५ | मे.रे.अ. | १ | १ | १ | |
| ६ | नर्सिङ अधिकृत | १ | ० | ० | |
| ७ | हाउस किपिङ | १ | ० | ० | |
| ८ | हे.अ. | २ | १ | १ | |
| ९ | स्टाफ नर्स | ५ | ५ | ५ | |
| १० | फार्मेसी सहायक | १ | ० | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | एनेस्थेसिया सहायक | १ | ० | ० | |
| १२ | रेडियोग्राफर | १ | १ | १ | |
| १३ | ल्याब टेक्निसियन/असिस्टेण्ट | २ | १ | १ | |
| १४ | लेखापाल | १ | १ | १ | |
| १५ | सि.अ.न.मी/अ.न.मी. | ५ | ४ | ४ | |
| १६ | अ.हे.व. | ३ | ३ | ३ | |
| १७ | प्रशाशन (अधिकृत छैटौं) | १ | १ | १ | |
| १८ | ड्राईभर | १ | ० | ० | |
| १९ | कार्यालय सहायक | ६ | १ | १ | |
| | **जम्मा** | **३८** | **२२** | **२२** | |

बिश्लेषण:

- अस्पतालमा ४ मे.अ.को दरबन्दी भएपनि १ जना मात्र कार्यरत हुनुभएको अवस्था

**अस्पताल व्यवस्थापन समिति तर्फका कार्यरत कर्मचारीहरु**

| क्र.सं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्टाफ नर्स | २ | |
| २ | स प्रशासक | १ | |
| ३ | अ.हे.ब | ७ | |
| ४ | रेडियोग्राफर | १ | |
| ७ | अ.न.मी. | ७ | |
| ८ | लेखापाल | १ | |
| ९ | ल्याब असिष्टेन्ट | ४ | |
| १० | ड्राईभर | २ | |
| ११ | सुरक्षा गार्ड | १ | |
| १२ | डेण्टल हाईजेनिष्ट | २ | |
| १३ | फार्मेसी सहायक | ५ | |
| १४ | प्लम्बर | १ | |
| १५ | इलेक्ट्रिसिएन | १ | |
| १६ | कार्यालय सहयोगी | ९ | |
| १७ | रिसेप्सनिष्ट | ३ | |
| १८ | जम्मा | ४७ | |

**हाल अस्पतालको सेवा, भवन र जमिन**

- अस्पतालको आफ्नै जमिन १२ रोपनी १२ आना १ पैसा क्षेत्रफलमा फैलिएको छ ।

- अस्पतालको तीन तलाको बहिरङ्ग, अन्तरङ्ग र इर्मर्जेन्सी सेवा भवन छ ।
- अस्पतालमा कोठाहरु प्रयाप्त छन ।
- अस्पतालका स्वास्थ्यकर्मीहरुको लागि यथेष्ट रुपमा आवासगृहको व्यवस्था नभएको ।
- अस्पतालमा एम्बुलेन्सको व्यवस्था राम्रो भएको ।

**मुख्य- मुख्य मेसिन तथा उपकरणहरु :**

इमर्जेन्सी विभागमा Monitor, ECG machine, Nebulization machine ,Suction machine, O2 cylinder आदि छन ।

- अपरेसन बिभागमा OT Table OT light ventilator OT monitor ECG machine Anesthesia GA machine आदि छन ।
- प्रयोगशाला बिभागमा 3 part coulter machine Microscope Bio semi Auto Analyzer
- Electrolytes analyzer HBAIC Analyzer हरु छन।
- रेडियोलोजी बिभागमा USG B/W USG 3 probe color Doppler Digital X-ray machine हरु रहेकाछन ।
- SNCU विभागमा Baby Radiant warmer Incubator/phototherapy CPAP Cardiac monitor baby Electric vacuum Extractor machine हरु छन ।
- अन्य मुख्य मेसिन तथा उपकरणमा Electric Beds Defibrillator Cardiac table blue Cardiac monitor Vacuum extractor, Refrigerator हरु आदि ।

## कुल बजेट तथा खर्च विवरण

**आ.व. २०७९/८० को वार्षिक भौतिक तथा वित्तिय प्रगति**

**संघ सःशर्त अनुदान तर्फः (बजेट रु हजारमा)**

| बजेट शीर्षक | विनियोजित बजेट | खर्च भएको बजेट | वित्तिय प्रगति प्रतिशत (%) | भौतिक प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| चालु तर्फ | २३२००.००० | १७०७१.८०८ | ७३.५८ | १०० |
| पुँजीगत तर्फ | - | - | - | - |
| कुल जम्मा | २३२००.००० | १७०७१.८०८ | ७३.५८ | १०० |

**आ.व. २०७९/८०को वार्षिक भौतिक तथा वित्तिय प्रगति**

**प्रदेश समानिकरण तर्फः (बजेट रु. हजारमा)**

| बजेट शीर्षक | विनियोजित बजेट | खर्च भएको बजेट | वित्तिय प्रगति प्रतिशत (%) | भौतिक प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| चालु तर्फ | ८५४५८.००० | ६७८५२.८७२ | ७९.४० | ८५.०० |
| पुँजीगत तर्फ | ३०००.००० | २९९०.३६२ | ९९.६८ | १०० |
| कुल जम्मा | ८८४५८ | ७०८४३.२३४ | ८०.०९ | ८६ |

## Hospital Management Committee:

| Description | |
|---|---|
| 1. Number of meetings held in 2079/080 | 21 |
| 2. Financial information | Amount NPR |
| 2.1 Balance @ end of Asadh 2079 | 1488872.08 |
| 2.2 Income(service fees, rent, donation etc | 46795565.90 |
| 2.3 Total | 48284437.98 |
| 2.3 Expenses | 47162110.34 |
| 2.4 Balance @ end Asadh 2080 | 1122327.64 |
| 2.5 Details of any donation received, gift in kind | |

## Hospital Beds

| Description | Total |
|---|---|
| Sanctioned Beds | 25 |
| Operational Beds | 54 |
| Total inpatient beds including maternity | 49 |
| Emergency Department | 5 |
| Pediatric | 6 |
| SNCU | 6 |
| ICU | 5 |
| Maternity/Gynae | 17 |
| Geriatric | 4 |
| General | 16 |

## अस्पतालका उपलब्ध सेबाहरु:

१. बहिरङ्ग सेवाहरुः
सामान्य चिकित्सा, प्रसुति तथा स्त्रीरोग, बालरोग, हाडजोर्नी, डेन्टल, फिजिसियन सेवा

२. चौबिसै घण्टा चिकित्सक सहित आकस्मिक सेबा, चौबिसै घण्टा प्रयोगशाला सेवा

३ चौबिसै घण्टा फार्मेसी सेबा


४. भर्ना बिरामी (अन्तरङ्ग सेवा):
नवजात शिशुको विशेष उपचार सेवा, प्रसुति तथा स्त्रीरोग विशेषज्ञ सेवा, बालरोग विशेषज्ञ सेवा, सामान्य चिकित्सा सेवा, हाडजोर्नी विशेषज्ञ सेवा, आकस्मिक तथा नियमित अपरेसन गरि सुत्केरी गराउने सेवा, अन्य अपरेसन सेबा

५. अनुसन्धनात्मक सेबाहरुः रेडियोडाईगोनष्टिक विशेषज्ञ सहित
एक्सरे, भिडियो एक्सरे, इ.सी.जी., प्रयोगशाला सेबा

६. स्वास्थ्य बिमा सेवा

७. पाठेघरको मुखमा क्यान्सर परीक्षण सेवा
८. आमा बाट शिशुमा एच.आई.भि सर्न नदिन रोकथाम सेवा
९. सुरक्षित गर्भपतन सेवा
१०. प्रसुति प्रतिक्षा गृह सेवा
११. स्तन हेरचाह तथा परामर्श सेवा
१२. हरेक महिनाको २, ९, १६ र २४ गते खोप सेवा
१३. बालरोगको एकिकृत ब्यबस्थापन सेवा
१४. गर्भबति सेवा
१५. परिबार नियोजन सेवा
१६. क्षयरोगको उपचार सेवा
१७. किशोर किशोरी स्वास्थ्य सेवा

**अस्पतालका मुख्य विभागहरु :**





**तथ्याङ्क तथा सुचनाहरुको प्रस्तुति**


| SN | Description | 073/074 | 074/075 | 075/076 | 076/077 | 077/078 | 078/079 | 079/080 |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Master Registered patient | 8234 | 11866 | 18493 | 21142 | 22666 | 35756 | 46915 |
| 2 | Total Number of OPD | 5918 | 8695 | 14209 | 15040 | 12734 | 16973 | 25915 |
| 3 | Total Number of Emergency Cases | 1723 | 2638 | 3579 | 3792 | 2437 | 3375 | 3075 |
| 4 | Total Number of Inpatients Discharged | 363 | 637 | 818 | 822 | 1079 | 1297 | 1254 |

| SN | Description | 073/074 | 074/075 | 075/076 | 076/077 | 077/078 | 078/079 | 079/080 |
|---|---|---|---|---|---|---|---|---|
| 5 | Total Number of Lab tests | 23123 | 46308 | 59365 | 86133 | 91990 | 138276 | 155391 |
| 6 | No of Normal spontaneous Delivery | 115 | 300 | 436 | 428 | 468 | 408 | 533 |
| 7 | Forcep/vaccume | 12 | 17 | 24 | 12 | 5 | 4 | 6 |
| 8 | No of C/S Delivery | 41 | 95 | 128 | 134 | 236 | 115 | 177 |
| 9 | Total Deliveries | 168 | 412 | 588 | 574 | 709 | 527 | 716 |
| 10 | Referral Cases (**Out**) Total | 1005 | 1110 | 1456 | 1880 | 1256 | 3701 | 4794 |
| 11 | Total Maternal Deaths | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 12 | Still birth mascerated | 2 | 1 | 0 | 1 | 1 | 0 | 3 |
| 13 | Still birth fresh | 0 | 1 | 1 | 1 | 4 | 0 | 1 |
| १४ | Health insurance patient | 926 | 3099 | 7503 | 10826 | 12952 | 23474 | 31696 |
| 15 | Breast care massage | | | | | 13 | 25 | 28 |
| 16 | 1st ANC | 216 | 227 | 368 | 455 | 727 | 1054 | 885 |
| 17 | 4 times ANC | 196 | 168 | 258 | 364 | 397 | 358 | 437 |


- अस्पतालको सेवामा क्रमस हरेक बर्ष सेवाग्राहीहरुको संख्यामा भारी बृध्दि भएको छ । आ.ब. २०७३।०७४ देखि २०७९।०८० सम्ममा सेवामा भएको प्रगतिको तथ्याङक तुलनात्मक आकडा माथिको टेबुलमा देखाइएको छ ।
- कुल डेलिभरी संख्या आ.ब. २०७३।०७४ मा मात्र १६८ रहेकोमा आ.ब. २०७९।०८० मा आइपुग्दा कुल डेलिभरी ७१६ पुगेको छ ।
- अस्पतालको बहिरङ्ग बिभागमा हरेक बर्षमा सेवाग्राहीहरु बृद्धि भई आ.ब. २०७९।०८० मा ४६९१५ संख्या पुगेको छ । त्यस्तैगरि आ.ब. २०७९।०८० मा प्रयोगशाला परिक्षण गर्न आएका सेवाग्राहीको संख्या १३७६२ र कुल परिक्षण संख्या १५५३९१ पुगेको छ । त्यसैगरि आ.व.२०७३।०७४ मा स्वास्थ्य सेवा लिन आउने सेवाग्राहीको संख्या ९२६ मात्र भएकोमा आ.ब. २०७९।०८०मा संख्यामा बृध्दिभइ ३१६९६ पुगेको छ ।
- अस्पतालको सेवाहरुमा नागरिकको बिश्वास हवात्तै बढेको छ । दक्ष चिकित्सक, स्वास्थ्यकर्मी तथा नर्सिङ र सहयोगी स्टाफहरुको उचित समन्वय र सहयोगले अस्पतालको ब्यबस्थापनमा सुधारआएको छ । अस्पताल ब्यबस्थापन समितिको अस्पतालको आन्तरिक चासो तथा समन्वयकारी भुमिका उदाहरणिय छ ।





# Comparative yearly trend of Delivery services




## Type of Deliveries - comparative yearly trend





## Comparative yearly trend of Health Insurance



## Inpatient Discharged- Comparative yearly trend






## Comparative trend of yearly total lab test




# Trend of Laboratory services

| FY | Parasitology | Bacteriology | virology | Hematology | Biochemistry | Immunology | Total |
|---|---|---|---|---|---|---|---|
| 2073/074 | 1679 | 141 | 1203 | 7730 | 10759 | 1611 | 23123 |
| 2074/075 | 3501 | 296 | 3688 | 12601 | 23351 | 2871 | 46308 |
| 2075/076 | 4578 | 321 | 1686 | 26897 | 22185 | 3698 | 59365 |
| 2076/077 | 5662 | 126 | 3523 | 45389 | 28006 | 3427 | 86133 |
| 2077/078 | 4554 | 241 | 3310 | 50939 | 28627 | 4319 | 91990 |
| 2078/079 | 7225 | 480 | 3884 | 77582 | 43243 | 5862 | 138276 |
| 2079/080 | 7886 | 863 | 3454 | 72977 | 63837 | 6374 | 155391 |







आ.ब. २०७९।०८० मा कुल प्रयोगशाला परिक्षण संख्या १५५३९१ पुगेको छ । यसमध्ये हेमाटोलोजी तर्फ ७२९७७, बायोकेमेष्टी तर्फ,६३८३७ पारासाइटोलोजी तर्फ ७८८६, ब्याक्टोलजी तर्फ ८६३, भिरोलजी तर्फ ३४५४, इमुनोलजी तर्फ ६३७४ परिक्षण सम्पन्न भएको छ ।




आ.ब २०७६।०७७ मा कुल डेलिभरी ५७४ मात्र भएकोमा आ.ब. ०७७।०७८ मा ७०९ ,आ.ब. ०७८।०७९ मा ५२७ र आ.ब. २०७९।०८० मा कुल डेलिभरी ७१६ पुगेको छ । यो अहिले सम्मको उच्च छ ।




पहिलो पटकको गर्भबति सेवा लिनेको संख्या र चार पटक गर्भवति सेवा लिनेको संख्यालाइ माथिको लाइन डायग्रममा चारबर्ष आ.ब. २०७६।०७७ देखि आ.ब.२०७९।०८० सम्म तुलनात्मकरुपमा देखाइएको छ। आ.ब. ०७६।०७७ मा पहिलो पटक गर्भवति सेवालिनेको संख्या ४५५ छ भने चारपटक गर्भवति सेवा लिनेको संख्या ३६४ छ। त्यसैगरि आ.ब. २०७७।०७८ मा पहिलो पटक गर्भवति सेवालिनेको संख्या ७२७ छ भने उक्त अबधिमा चार पटक जाच गर्नेको संख्या ३९७ छ।

त्यसैगरि आ.ब. ०७८।०७९ मा पहिलोपटक सेवा लिनेको संख्या ८८५ छ भने चारपटक गर्भबति जाच सेवालिनेको संख्या ४३७ छ। यसैगरि गत आ.ब. ०७९।०८० मा पहिलो पटक गर्भवति जाँच सेवा लिनेको संख्या १०५४ छ भने चार पटक गर्भबति सेवा लिनेको संख्या ४३७ देखिन्छ। हरेकबर्ष चारपटक सेवालिनेको संख्या बृध्दिभईरहेको छ। गर्भबतिहरुको पहिलो पटकको जाँच संख्या हरेक बर्षमा बृद्धि भइरहेको छ।

## Investigation services

| SN | Particulars | 073/74 | 074/75 | 075/076 | 076/077 | 077/78 | 078/079 | 079/080 |
|---|---|---|---|---|---|---|---|---|
| 1 | X-Ray | 332 | 715 | 1012 | 1037 | 714 | 4013 | 5065 |
| 2 | USG | 1043 | 2685 | 3844 | 3888 | 5639 | 7030 | 7371 |
| 3 | ECG | 171 | 239 | 355 | 685 | 813 | 1760 | 2007 |

अनुसन्धानात्मक सेबाहरुको कमश बृध्दि हुदै गएको अबस्था छ।

## Laboratory services tests (examine)

| Year | Parasitology | Bacteriology | virology | Hematology | Biochemistry | Immunology | Total |
|---|---|---|---|---|---|---|---|
| 073/74 | 1679 | 141 | 1203 | 7730 | 10759 | 1611 | 23123 |
| 074/75 | 3501 | 296 | 3688 | 12601 | 23351 | 2871 | 46308 |
| 075/076 | 4578 | 321 | 1686 | 26897 | 22185 | 3698 | 59365 |
| 076/077 | 5662 | 126 | 3523 | 45389 | 28006 | 3427 | 86133 |
| 077/078 | 4554 | 241 | 3310 | 50939 | 28627 | 4319 | 91990 |
| 078/079 | 7225 | 480 | 3884 | 77582 | 43243 | 5862 | 138276 |
| 079/080 | 7886 | 863 | 3454 | 72977 | 63837 | 6374 | 155391 |

अस्पतालका प्रयोगशाला सेबाहरु हरेक आ.ब. मा अत्यधिक बृध्दि हुदै गएको अबस्था छ ।

## Hospital Indicators

| SN | Indicators | 2073/74 | 074/075 | 075/076 | 076/077 | 077/078 | 078/079 | 079/080 |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Total OPD visit as % of total population | 33 | 45 | 71 | 81 | 84 | 100 | 100 |
| 2 | % of Emergency visit among total Hospital visit | 21 | 22 | 19 | 18 | 10.75 | 9.43 | 6.55 |
| 3 | Bed occupancy rate | 21 | 36 | 51 | 32 | 27 | 37 | 33.42 |
| 4 | Delivery conducted as % of expected live birth | 35 | 76 | 100 | 100 | 100 | 100 | 100 |
| 5 | Average length of stay | 2 days | 2.05 | 2.25 | 2.10 | 2.1 | 2.6 | 2.39 |
| 6 | Death rate among inpatients | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 7 | No. of CAC/PAC service | 40 | 60 | 82 | 46 | 98 | 115 | 118+16 |
| 8 | Throughput | 40 | 69 | 90.1 | 60 | 44.28 | 53.2 | 50.16 |
| 9 | Bed turnover Interval | 7.125 | 3.24 | 1.80 days | 3.98 | 6.14 | 4.26 | 4.27 |
| 10 | Doctor Inpatient ratio | 52 | 71 | 91 | 80 | 107.9 | 130 | 125 |
| 11 | Doctor OPD patient ratio | 845 | 966 | 1579 | 1504 | 2042 | 3576 | 4691 |
| 12 | Nurses Inpatient ratio | 26 | 45.5 | 58 | 41 | 53.95 | 65 | 63 |
| 13 | Patient sex ratio in Inpatient | 1:3.59 | 1:6.86 | 1:11.39 | 1:7 | 1:5.64 | 1:2.65 | 1:4.26 |
| 14 | Hospital bed turn over |  | 95 | 72.5 | 72 | 88.5 | 80 | 50.16 |

## MATRI SHISHU MITERI HOSPITAL, KASKI

| Data name OPD MORBIDITY | Shrawan 2079 to Asar 2080 |
|---|---|
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Hypertension | 2923.0 |
| OPD Morbidity-Common Symptoms-Fever | 526.0 |
| OPD Morbidity-Oral-Gingivitis | 520.0 |
| OPD Morbidity-Orthopaedic-Lower Back Pain | 380.0 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-COPD | 368.0 |
| OPD Morbidity-Oral-Stained Teeth | 362.0 |
| OPD Morbidity-Orthopaedic-Arthritis | 300.0 |
| OPD Morbidity-Oral-Periodontitis | 295.0 |
| OPD Morbidity-Common Symptoms-Abdominal Pain | 275.0 |
| OPD Morbidity-Orthopaedic-Fractures | 235.0 |
| OPD-Morbidity-Orthopaedic Problems-Arthritis-Osteo Arthrosis | 193.0 |
| OPD Morbidity-Common Symptoms-General Consideration on Pain | 128.0 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Bronchial Asthma | 105.0 |
| OPD Morbidity-Common Symptoms-Cough | 97.0 |
| OPD Morbidity-Orthopaedic-Joint Stiffness | 91.0 |
| OPD Morbidity-Oral-Hypersensitivity | 83.0 |
| OPD Morbidity-Mental Health-Anxiety disorder | 77.0 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Other Cardiovascular Problems | 58.0 |
| OPD Morbidity-Orthopaedic-Neck Pain | 56.0 |
| OPD Morbidity-Orthopaedic-Chronic Lower Back Pain | 55.0 |
| OPD Morbidity-Orthopaedic-Ligamentous Sprain | 46.0 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Ischemic Heart Disease | 23.0 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Rheumatic Heart Disease | 21.0 |
| OPD Morbidity-Common Symptoms-Breathlessness/ Shortness of Breath | 10.0 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Acute Rheumatic Fever | 7.0 |
| OPD Morbidity-Common Symptoms-Dizziness and Vertiligo | 6.0 |
| OPD Morbidity-Mental-Alcohol Use Disorder | 6.0 |
| OPD Morbidity-Common Symptoms-Nause and Vomiting | 5.0 |
| PD Morbidity-ENT-Nasal Vestibulitis | 1.0 |
| OPD-Morbidity-Communicable/Vector Borne-Scrub Typhus | 1.0 |

# Top Ten Inpatient Morbidity and Mortality

| Morbidity 2079/080 | Mortality 2079/080 |
|---|---|
| Top 10 Diseases among inpatients | Top ten Mortality among inpatients |
| 1 NNS- 100 | |
| 2. NNJ- 89 | |
| 3. Fever-48 | |
| 4. AGE-19 | |
| 5. UTI- 12 | |
| 6. MASS-8 | |
| 7. Pneumonia- 16 | |
| 8. Hypermesis-12 | |
| 9. LRTI- 8 | |

जात,जातिका आधारमा सुत्केरी सेवा आ.ब. २०७९।०८०

| क्र.सं. | सुत्केरी सेवालिने जात,जाति | सुत्केरी संख्या |
|---|---|---|
| १ | दलित | २०७ |
| २ | जनजाति | ३३५ |
| ३ | मधेशी | ४ |
| ४ | मुस्लिम | |
| ५ | ब्रह्मण।क्षेत्रि | १६१ |
| ६ | अन्य | ९ |
| | **जम्मा** | **७१६** |

**विशेष प्राथमिकता साथ सम्पन्न भएका कार्यहरु**

१. अस्पताल एस.बि.ए. तालिम दिने साइट छनौट भई  दुइ ब्याच बिद्धार्थी तालिममा सहभागी भइ तालिम सम्पन्न गरि गएको अबस्था ।

२. प्रयोगशाला नयाँ मेसिन तथा उपकरणको व्यबस्थापनमा नयाँ भवनमा सरि चलाइएको अबस्था ।

३ . अस्पतालमा फार्मेसी बिभागलाइ थप बिस्तार गरिएको छ ।

४. जेष्ठनागरिक बस्ने आश्रममा स्वास्थ्य शिबिर सन्चालन गरिएको छ ।

५. कास्कीको कारागारमा रहेका बन्दीहरुलाइ लक्षित गरि स्वास्थ्य शिबिर चलाइएको छ ।

६. नसर्ने रोगहरुको स्वास्थ्य शिबिर चलाइएको छ ।

७. वडामा रहेका सिमान्तकृत नागरिक बस्ने क्षेत्रमा स्वास्थ्य शिबिर चलाइएको छ ।

८. नया भवनमा प्रशाशन कक्ष बिस्तार गरिएको छ ।

९. इएमआर लागु गरिएको छ बिस्तार गरिने योजना छ ।

१०. क्यान्टीनको नयाँ ब्यबस्थापन चालु गरिएको छ ।

११. सुत्केरीहुनको लागि सुरक्षित प्रतिक्षालय सेवा सन्चालनमा आएको छ ।
१२. Biopsy र Papsmear परिक्षण सेवा आँसिक भएपनि प्रयोगशाला बिज्ञ मार्फत उपलब्ध गराइएको छ ।
१३. मुस्ताङबाट पोखरा २५ हेम्जा आईबसेका बालबालिका लक्षित निशुल्क बाल स्वास्थ्य शिबिर चलाइएको छ ।
१४. अस्पतालमा पहिलो पटक २०८० जेठ ३१ गते पाठेघरको सफल शल्यक्रिया सम्पन्न भएको छ ।

**कार्यालयको प्रथामिकतामा रहेका कार्यक्रमहरु/ सेवा**

आमा सुरक्षा, समुदायमा आधारित नवजात शिशु र बालरोगको एकिकृत ब्यवस्थापन,नवजात शिशुको बिषेश उपचार सेवा, परिवार नियोजन, ईर्मजेन्सी, ओ.पी.डी, इण्डोर, खोप, फार्मेसी, प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे आदि ।

**समग्र कार्यहरुको प्रमुख उपलब्धिहरु**

- एस.बि.ए तालिम सन्चालन
- पहिलोपटक पाठेघरको अपरेसन
- नयाँ डेन्टल सेवा शुरु
- नया मेसिन तथा उपकरण व्यबस्थापनमा प्रयोगशाला सेवा
- अस्पतालमा प्रसुति तथा स्त्रीरोग विशेषज्ञ, बालरोग, हाडजोर्नी र फिजिसिएन बिषेशज्ञबाट सेवा सुचारु
- क्यान्टिन ब्यवस्थापन
- स्थानिय नागरिकको स्वास्थ्य संस्थामा सेवा लिएको संख्या बृद्धि ।

**समस्या र चुनौतिहरु**

- अर्थिङ ब्यबस्थापन गरिहाल्नु पर्नेछ ।
- मेडिकल अधिकृत ४ जना दरबन्दीमा ३ रिक्त र १ जना अध्ययन विदामा
- १ जना हे.अ.को दरबन्दी रिक्त छ ।
- निशुल्क औषधी
- मेसिन उपकरणहरु मर्मत गर्न BMET जरुरी
- तिन सिफट काम गर्ने स्टाफहरुलाई क्वाटर उपलब्ध नभएको अबस्था

**समस्या र चुनौतिहरु सामना गर्न गरिएका प्रयासहरु**

- अस्पतालले अस्पतालको सेवाको मागलाई संबोधन गर्न फार्मेसीमा आफनै जनशक्ति माफर्त २४ सै घण्टा सेवा दिएको अबस्था छ ।
- त्यसैगरि प्रयोगशाला तर्फ पनि समितिबाटै जनशक्ति नियुक्ति गरी चौबिसै घण्टा प्रयोगशाला सेवा व्यवस्थापन गरेको छ । त्यस्तै फार्मेसी तर्फ सरकारी दरबन्दी १ जना भएर पनि रिक्त भई २४ सै घण्टा फार्मेसी सेवा सन्चालनको लागि थप ४ जना फार्मेसी सुपरभाइजरको व्यवस्थापन गरेको छ ।

- त्यसैगरि नवजात शिशुको विशेष उपचार कक्षको सेवा नियमित गराउन अतिरिक्त नर्सिङ जनशक्तिको व्यवस्थापन गरेको छ। यसै गरी स्थानिय नागरिकहरुको मागलाई ध्यानमा राखि अस्पताल व्यवस्थापन समितिले हाडजोर्नी विशेषज्ञ र फिजिसियन विशेषज्ञहरुको आंशिक समयको लागि सेवा उपलब्ध गराएको छ।

**आगामी कार्य योजनाहरु**

अर्थिङ व्यबस्थापन
भवनमा रंग रोगन गर्ने
लिफ्टको व्यवस्था।
प्रसुति वार्ड जाने करिडोरमा च्यानल गेट राख्न
५० शैयाको अस्पताल बनाउन जग्गाको व्यवस्थापन।
□ Visitor का लागि कपडा धुने र बस्ने ठाउको व्यवस्था गर्ने।
कपडा सुकाउने ठाउको व्यवस्था।
बाल वगैचाको व्यवस्था
□ Paying Clinic को व्यवस्थापन
पुस्तकालयको व्यवस्थापन।
सामाजिक लेखा परिक्षण र सुनुवाई।
सरसफाई सम्वन्धि कार्यक्रमको आयोजना।
फिजिसियन र शल्यचिकित्सको व्यवस्थापन।
अबलोकन भ्रमणको ब्यवस्था।
उत्कृष्ट कर्मचारी छनौट/कर्मचारी पुरस्कार उत्प्रेरणा।

**निष्कर्ष**

अस्पतालमा सेवा प्रवाहको आधारमा व्यापक सुधारको अवस्थामा छ। अस्पतालको सेवाग्राहीको संख्यामा भारी वृद्धि भएको छ। अस्पतालको दन्तरोग सेवा सन्चालनमा आएको छ। बहिरङ्ग सेवा, अनुसन्धनात्मक सेवा, आकस्मिक सेवा, स्वास्थ्य वीमा सेवा, ईण्डोर (भर्ना भई उपचार गरिने) सेवामा व्यापक सुधार भई सेवा लिनेको संख्या ह्वात्तै बढेको छ।

अस्पताल गुणस्तर सुधारको न्यूनतम सेवा मापदण्ड मूल्यांकन मा आ.व. २०७९/०८० मा ७७ प्रतिशत अङक प्राप्त गर्न सफल भएको छ। न्यूनतम सेवा मापदण्ड मुल्याङकनमा बालस्वास्थ्य सेवा को एरिया बाल स्वास्थ्य बहिरङ सेवा र उपलब्ध नवजातशिशुको विशेष उपचार सेवा समाबेश नभएको अबस्था छ। आगमी दिनहरुमा अस्पतालका व्यवस्थापन थप चुस्त भई सेवा प्रवाहमा सहजता, सेवा लिने स्थानिय नागरिकहरुमा थप सन्तुष्टी हुदै जानेछ।

**केहि आकर्षक तस्वीरहरु**




मानिनय सामाजिक तथा स्वास्थ्य मन्त्रि श्री शुशिला शिंखडाज्यु बाट मातृशिशु मितेरी अस्पतालको अनुगमन तथा निरीक्षण साथमा अस्पतालका मेडिकल सुपरिन्टेण्डेन्ट डा.धर्मदेव ढकाल र अस्पताल ब्यबस्थापन समितिका पदाधिकारी ज्युहरु ।



मानिनय सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रि शुशिला शिँखडा ज्युद्वारा अस्पतालको अनुगमन




मातृशिशु मितेरी अस्पतालका सुपरिन्टेण्डेन्ट डा. धर्मदेव ढकालद्वारा माननिय मन्त्रि ज्यु र वहाँको टिमलाई अस्पतालको बारेमा बिस्तृत रुपमा प्रस्तुति गर्दै ।




आदरणिय स्वास्थ्य सचिव डा. बिनोद बिन्दु शर्मा ज्युद्वारा एस.बि.ए. तालिम शुभारम्भ कार्यक्रमको उदघाटन पछि संबोधन ।




SBA तालिम कार्यक्रममा गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका महानिर्देशक आदरणिय श्री खिमबहादुर खडका ज्युद्वारा संबोधन ब्यक्त ।




एस. बि. ए. तालिम कार्यक्रममा आफनो मन्तब्य राख्दै अस्पताल ब्यबस्थापन समितिका अध्यक्ष धर्मराज थापा




एस. बि. ए. तालिम कार्यक्रममा आफनो मन्तब्य राख्दै नर्सिङ अधिकृत निमा हिताङ




SBA तालिम कार्यक्रम समापन समारोह २०७९।८०




SBA तालिम कार्यक्रममा सहभागीहरुलाई प्रमाणपत्र बितरण



अस्पतालको समिक्षा कार्यक्रममा मेडिकल सुपरिन्टेण्डेन्ट डा. धर्मदेव ढकालद्वारा स्टाफहरुलाई निदेर्शन



अस्पतालको समिक्षा कार्यक्रममा अस्पतालका बरिष्ठ मेडिकल रेकर्डर निरीक्षक लक्ष्मण शर्मा पौडेल द्वारा प्रस्तुतिकरण ।



दन्त परिक्षण



कास्की कारागार बन्दिगृहमा निशुल्क स्वास्थ्य शिविर सन्चालन गरिएकोमा कारागारद्वारा अस्पताललाई प्रमाणपत्र प्रदान ।



जेष्ठ नागरिकको निशुल्क स्वास्थ्य शिविर



मुस्ताङका बालबालिका लक्षित निशुल्क स्वास्थ्य शिबिर हेमजा ।

## नर्सिङ विद्यार्थीद्वारा अस्पतालको बहिरङ्ग प्रतिक्षालयमा आमा र शिशु स्वास्थ्यको क्रमिक विकास, आवश्यक हेरचाह सम्बन्धी प्रदर्शनी



# मातृशिशु अस्पतालद्वारा कास्की कारागारमा स्वास्थ्य परीक्षण
## २०७९ आश्विन








अस्पतालको समिक्षा कार्यक्रममा मेडिकल सुपरिन्टेण्डेन्ट डा. धर्मदेव ढकालद्वारा निर्देशन व्यक्त



अस्पतालका स्टाफहरुलाई थप सेवा सुबिधा दिन सक्ने संस्थाको आर्थिक अबस्था के कस्तो छ अध्ययन गरि प्रतिवेदन पेस गर्न गठित कार्यदलका संयोजक लक्ष्मण शर्मा पौडेलद्वारा कार्यदल बैठकमा छलफल



अस्पतालका स्टाफहरुलाई थप सेवा सुबिधा दिन सक्ने संस्थाको आर्थिक अबस्था के कस्तो छ अध्ययन गरि प्रतिबेदन पेस गर्न गठित कार्यदलका संयोजक लक्ष्मण शर्मा पौडेलद्वारा अस्पताल ब्यबस्थापन समितिका अध्यक्ष धर्मराज थापा र मेडिकल सुपरिन्टेण्डेन्ट डा. धर्मदेव ढकाल समक्ष अध्ययन प्रतिबेदन प्रस्तुत गर्दै ।




अस्पताल ब्यबस्थापन समितिका अध्यक्ष धर्मराज थापाद्धारा समिक्षा कार्यकममा आफनो धारणा राख्दै ।




अस्पतालको प्राँगण



अस्पतालमा आन्तरिक बैठक



अस्पतालमा छलफल कार्यक्रम



अस्पतालको मासिक समिक्षाकार्यक्रममा अस्पताल व्यबस्थापन समिति अध्यक्ष धर्मराज थापा द्वारा आफनो भनाइ राख्दै ।




अस्पतालको मासिक समिक्षामा छलफल तथा प्रस्तुति ।



प्रथम चौमासिक कार्यक्रम २०७९।०८०




दोस्रो चौमासिक समिक्षा २०७९।०८०



नयाँ प्रशासनिक ब्लक तयारी



नयाँ चमेनागृहको तयारी



नयाँ ब्यबस्थापनमा अस्पतालको चमेना गृह




कास्की जिल्ला कारागारमा महिला बन्दीहरुको लागि निःशुल्क सेनेटरी प्याड वितरण




बेल्जियमका स्वास्थ्यकर्मीहरुको अस्पताल भिजिट

## नागरिक वडा पत्र

| क्र स | सेवाको किसिम | सेवा लिने प्रक्रिया | लाग्ने दस्तुर | सेवा उपलब्ध समय | सेवासँग सम्बन्धित विभाग | सेवासँग जिम्मेवार व्यक्ति | गुनास तथा सुझाव भएमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | इमर्जेन्सी सेवा | काउन्टरबाट तोकिएको इमर्जे-न्सी सेवा कार्ड लिन | तोकिएको दस्तुर | २४ सै घण्टा | इमर्जेन्सी | इमर्जेन्सी इन्चार्ज | शाखा प्रमुख/ मे . सु | |
| २ | बहिरङ्ग सेवा (प्रसुती तथा स्त्री रोग बाल रोग जनरल मेडिसिन, डेन्टल, हाड जोर्नी | काउन्टरबाट तेकिएको दस्तुर बुझाइ ओपिडि सेवा कार्ड लिने | तोकिएको दस्तुर | सार्वजनिक बिदा बाहेक अन्य दिन | बहिरङ्ग विभागहरू | सम्बन्धित चिकित्स-कहरू | शाखा प्रमुख/ मे . सु | |
| ३ | पुर्व प्रसुति सेवा | काउन्टरबाट तेकिएको दस्तुर बुझाइ ओपिडि सेवा कार्ड लिने | तोकिएको दस्तुर | सार्वजनिक बिदा बाहेक अन्य दिन | पुर्व प्रसुति सेवाकक्ष | सम्बन्धित चिकित्स-कहरू/ स्टाफ | शाखा प्रमुख/ मे . सु | |
| ४ | सुत्केरी सेवा | काउन्टरबाट नाम दर्ता गराइ सिधै प्रसुति प्रशव कक्षमा जाने | नि: शुल्क | २४ सै घण्टा | प्रसुति विभाग | नर्सिङ इन्चार्ज | नर्सिङ इन्चार्ज/मे . सु | |
| ५ | मेजर अपरेसन गरि सुत्केरी गराउने सेवा | काउन्टरबाट नाम दर्ता गराइ अन्तरङ्घ विभाग र पुर्व अपरेशन बार्डमा जाने | नि: शुल्क (जनरल बेडमा बस्ने बिरामीका लागि | इमर्जेन्सी परेमा २४ सै घण्टा र अन्य परिस्थितीमा अवश्यकतानुसार | अपरेशन कक्ष/प्रसुति विभाग | सम्बन्धित चिकित्सक तथा नर्सिङ इन्चार्ज | नर्सिङ इन्चा-र्ज/सम्बन्धित चिकित्सक /मे . सु | |
| ६ | माइनर अपरेशन सेवा | काउन्टरबाट नाम दर्ता गराइ अपरेसन कक्षमा जाने | तोकिएको दस्तुर | सार्वजनिक बिदा बाहेक अन्य दिन आवश्यकता अनुसार तथा इमर्जेन्सी-के हकमा २४ सै घण्टा | ओपिडि इमर्जेन्सी-,इण्डोर | शाखा प्रमुख | सम्बन्धित चिकि-त्सक /मे . सु | |
| ७ | एक्सरे सेवा | चिकित्सकसँग जाँच गराइ सेवा दस्तुर बुझाइ एक्सरे कक्षमा जाने | तोकिएको दस्तुर | २४ सै घण्टा | एक्सरे विभाग | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| ८ | भिडियो एक्सरे सेवा USG | चिकित्सकसँग जाँच गराइ सेवा दस्तुर बुझाइ भिडियो एक्सरे कक्षमा जाने | तोकिएको दस्तुर | सार्वजनिक बिदा बाहेक अन्य दिन | भिडियो एक्सरे विभाग | सम्बन्धित चिकित्सक | शाखा प्रमुख/ मे . सु | |
| ९ | इ सी जी सेवा | चिकित्सकसँग जाँच गराइ सेवा दस्तुर बुझाइ इ सी जी सेवा कक्षमा जाने | तोकिएको दस्तुर | आवश्यकतानुसार २४ सै घण्टा | ओपिडि इमर्जेन्सी-,इण्डोर | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १० | प्रयोगशाला सेवा | चिकित्सकसँग जाँच गराइ सेवा दस्तुर बुझाइ प्रयोगशाला सेवा कक्षमा जाने | तोकिएको दस्तुर | आवश्यकतानुसार २४ सै घण्टा | प्रयोगशाला विभाग | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |

## नागरिक वडा पत्र

| क्र स | सेवाको किसिम | सेवा लिने प्रक्रिया | लाग्ने दस्तुर | सेवा उपलब्ध समय | सेवासँग सम्बन्धित विभाग | सेवासँग जिम्मेवार व्यक्ति | गुनास तथा सुझाव भएमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ११ | फार्मेसी सेवा | चिकित्सकसँग जाँच गराइ औषधिकोलागि फार्मेसीमा जाने | औषधि अनुसार तोकिएको दस्तुर | २४ सै घण्टा | फार्मेसी विभाग | फार्मेसी इन्चार्ज | शाखा प्रमुख/ मे . सु | |
| १२ | फार्मेसी सेवा (नि: शुल्क) | चिकित्सकसँग जाँच गराइ औषधिकोलागि फार्मेसीमा जाने | नि: शुल्क औषधि | २४ सै घण्टा | फार्मेसी विभाग | फार्मेसी इन्चार्ज | शाखा प्रमुख/ मे . सु | फार्मेसीमा नि: शुल्क औषधिहरू उपलब्ध भएसम्म |
| १३ | सुरक्षित गर्भपतन सेवा | काउन्टरबाट नाम दर्ता गराइ गर्भपतन कक्षमा जाने | नि: शुल्क | सार्वजनिक बिदा बाहेक अन्य दिन कार्यालय समयभित्र | गर्भपतन शाखा | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १४ | भि आ ए सेवा | काउन्टरबाट नाम दर्ता गराइ भि आ ए कक्षमा जाने | नि: शुल्क | सार्वजनिक बिदा बाहेक अन्य दिन कार्यालय समयभित्र | भि आ ए शाखा | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १५ | पि एम टी सि टी सेवा | काउन्टरबाट नाम दर्ता गराइ पि एम टी सि टी कक्षमा जाने | नि: शुल्क | सार्वजनिक बिदा बाहेक अन्य दिन कार्यालय समयभित्र | पि एम टी सि टी शाखा | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १६ | खोप सेवा | तोकिएको मितीमा बच्चा र अभिभावक आउनुपर्ने | नि: शुल्क | प्रत्येक महिना २,९, १६, २४ मातृशिशु मितेरी अस्पताल | खोप विभाग | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १७ | परिवार नियोजन | काउन्टरबाट नाम दर्ता गराइ परिवार नियोजनकक्षमा जाने | नि: शुल्क | सार्वजनिक बिदा बाहेक अन्य दिन कार्यालय समयभित्र | परिवार नियोजन शाखा | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १८ | क्षयरोग निदान सेवा | काउन्टरबाट नाम दर्ता गराइ (DOTS) कक्षमा जाने | नि: शुल्क | २४ सै घण्टा | (DOTS) सेवा कक्ष | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| १९ | अस्पतालको कार्यसम्पादन प्रतिवेदन HIMS Online मा गर्ने सेवा | अस्पतालका सेवाहरूका रेकर्ड व्यवस्थापन गरि प्रतिवेदन तयार गर्ने | नि: शुल्क | सार्वजनिक बिदा बाहेक अन्य दिन कार्यालय समयभित्र | मेडिकल रेकर्ड शाखा | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |
| २० | स्वास्थ्य बिमा सेवा | बिमा बोर्डले तोकेको प्रक्रिया अनुसार काउन्टरमा नाम दर्ता गराउने | नि: शुल्क | OPD/ER सेवा अनुसार | सम्बन्धित विभाग | बिमा बोर्डमा तोकेको व्यक्ति | शाखा प्रमुख/ मे . सु | |
| २१ | गाउँघर क्लिनिक | सस्थाले तोकेको स्थानमा उपस्थित हुने | नि: शुल्क | हरेक महिना ९, १० गते | पब्लिक हेल्थ | शाखा प्रमुख | शाखा प्रमुख/ मे . सु | |

**सन्दर्भ श्रोतहरु**

१. संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा बिभाग व्यबस्थापन महाशाखाबाट प्रकाशित वार्षिक प्रतिवेदन २०७७।०७८

२. स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशद्धारा प्रकाशित वार्षिक प्रतिबेदन २०७८।०७९

३. मातृशिशु मितेरी अस्पतालद्धारा प्रकाशित वार्षिक प्रतिवेदन आ.ब. २०७८।०७९

४. Effective Management of Hospital and Health care 2005, published by Indian institute of Health Management Research Jaipur Rajesthan

Gandaki Province Government

Ministry of Social Development and Health

**Health Directorate**

# Matrishishu Miteri Hospital

Kaski District